USAID
अमेरिकी जनताबाट

NSET
Earthquake Safe Communities in Nepal



# आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना

## पृष्ठभूमि

प्राकृतिक होस वा मानव सिर्जित, आकस्मिक अवस्था र विपत्तिको समयमा भौगोलिक विकटता, यातायातको असुविधा र प्रतिकुल मौसमका कारण घटनास्थलमा उद्धारकर्मी तथा राहत सामाग्री तत्काल उपलब्ध गराउन नसकिने हुँदा प्रभावितहरु अझ बढी जोखिममा पर्दछन्। यो कुरा वि.स. २०७२ सालको गोरखा भूकम्प, २०६६ सालको कोसी बाढी लगायत विपद्का अन्य घटनाहरुले देखाइसकेको छ । त्यसैले आपत्कालीन अवस्थामा काम गर्ने विभिन्न निकाय, संघसंस्थाहरुसँग उचित समन्वय गरी विपद्का घटनाहरुबाट आइपर्ने आपत्कालीन अवस्थामा हुने मानवीय तथा भौतिक क्षतिलाई कम गर्न, व्यवस्थापन गर्न तथा समयमै पूर्नलाभ प्राप्त गर्न आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता देखिन्छ। विपद्का समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न र सम्बन्धित निकायको जिम्मेवारीलाई प्रस्ट किटान गर्नको लागि आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको महत्वपूर्ण भूमिका हुन्छ। यस प्रकारको योजना नेपालको हरेक टोल, बस्ती, समुदाय वडा, गाउँपालिका, नगरपालिका देखि लिएर सिङ्गो मुलुकलाई समेत आवश्यक पर्दछ।

आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्रकोपका कुनै पनि घट्नाबाट हुनसक्ने विपद् र त्यसबाट सिर्जित मानवीय असरहरुलाई न्यूनीकरण गर्नको लागि पूर्व योजना तर्जुमा गर्न, विपद्को समयमा र विपद् पश्चात् गर्ने गतिविधीहरुको जिम्मेवारी क्रमबद्ध रुपमा राखी सरोकारवालाहरुलाई जानकारी गराउन, विपद्को क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुसँग विपद् पूर्व नै आकस्मिक योजना तयार गरी विपद् सामना गर्न सक्ने क्षमता को पहिचान गर्न, विपद्को समयमा संयमित र सङ्गठित भई विपद् व्यवस्थापन कार्यलाई योजनाबद्ध तरिकाबाट पूर्व जिम्मेवारीको किटान गरी व्यवस्थापन गर्न मार्ग निर्देशन दिन्छ।

## आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनामा समावेश गर्नुपर्ने विषयहरु

१) न्यूनीकरण: विपद्को घट्नाबाट हुने क्षतिहरुलाई आङ्कलन गरी उक्त क्षति कम गर्ने उपायहरु अपनाउने जस्तै नदी खोलानालाहरुमा बाँध बाँध्ने, तटबन्ध बनाउने, सडक निर्माण गर्ने वा मर्मत सम्भार गर्ने, सबै खाले विपद्बारे पूर्व सूचना प्रणालीको विकास गर्ने। आपत्कालीन अवस्थाको व्यवस्थापन सम्बन्धी नीति, नियम, निर्देशिका र कार्यविधिहरु बनाउने वा अद्यावधिक गर्ने।

२) पूर्वतयारी: विपद्को समयमा आफू र आफ्नो परिवारको सुरक्षाको लागि कस्तो व्यवहार गर्ने सम्बन्धी सचेतना, सही सूचना र जानकारी फैलाउने, विपद्को समयमा खोज तथा उद्धार, प्राथमिक उपचार, स्थानान्तरण गर्ने विपद् व्यवस्थापन सम्बन्धी तालिमप्राप्त जनशक्तिहरु तयार पार्ने, समय समयमा तालिममा सिकेको सीपहरुको अभ्यास गर्ने, आपत्को समयमा र आपत्कालीन अवस्था पश्चात् आवश्यक पर्ने खाद्यान्न र अ खाद्यान्न वस्तुहरुको सुरक्षित भण्डार।

३) प्रतिकार्य: कुनै पनि विपद्ले निम्त्याएको आपत्कालीन अवस्था पछि तालिम प्राप्त दक्ष जनशक्तिहरुलाई खोज तथा उद्धार, स्थानान्तरण, घाइते तथा बिरामीलाई अस्पताल पुर्‍याउनु अघिको आधारभूत उपचार र विपद् घटना क्षेत्र व्यवस्थापनको लागि परिचालन।

४) पुनर्स्थापना: विपद्को घट्नाबाट भएको भौतिक क्षति, मानिसहरुको स्वास्थ्य उपचार, मानसिक सन्तुलन र जीविकोपार्जनलाई विपद् पूर्व जस्तै सामान्य अवस्थामा ल्याउनको लागि आवश्यक कार्यहरु।

## विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनामा संलग्न हुने जानकारीहरु

- विगतमा विभिन्न विपद्बाट भएको जनधनको क्षतिको विवरण
- भविष्यमा हुनसक्ने विपद्को श्रोत, स्थान, क्षति आङ्कलन, जोखिममा रहेका समुदाय तथा स्थानको विवरण तथा आँकलन
- दक्ष तथा तालिमप्राप्त जनशक्तिको सम्पर्क विवरण सहितको सूचि
- अस्पताल, स्वास्थ्य संस्था, दमकल, एम्बुलेन्स, खुल्ला तथा सुरक्षित स्थानहरु, खाद्यान्न तथा अ खाद्यान्न सामग्रीको विवरण।
- विषयगत कार्य संचालनको लागि गठन गरिएका विभिन्न समिति, समितिमा रहेका व्यक्तिहरुको भुमिका र जिम्मेवारीको विवरण
- जिम्मेवार तथा सरोकारवाला सङ्घसंस्था, निकाय, समूह, समिति र विशेषज्ञहरुको विवरण
- खर्च तथा बजेट विवरण आदि

## आपत्कालीन पूर्व तयारी तथा प्रतिकार्यका विषयगत क्षेत्रहरु

प्रभावित तथा पीडित समुदायलाई राहत उपलब्ध गराउन तथा मानवीय सहयोगका विभिन्न क्षेत्र र निकायहरु रहेका हुन्छन् । प्रकोपका घटनामा परी सम्पत्ति गुमाएका व्यक्तिलाई जीवनयापनको तत्कालको आधारभूत आवश्यकता पूर्ति गर्ने कामलाई व्यवस्थित गर्न र खाद्यान्न, आवास, खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन, सुरक्षा जस्ता विषयमा विशेषज्ञता हासिल गरेका समूहले आ-आफ्नो क्षेत्रका जिम्मेवारी लिँदा मानवीय सहयोगको कार्य बढी व्यवस्थित हुन्छ । योजना अन्तर्गत बनेका विभिन्न विषयगत क्षेत्रहरुले विपद् व्यवस्थापन समितिको मातहतमा रही कार्य गर्नुपर्ने हुन्छ ।

## विषयगत क्षेत्रहरु

१) पूर्व सूचना प्रणाली (अगुवा, विपद् व्यवस्थापन समिति)
२) सुरक्षित एवं खुला स्थानहरुको पहिचान (अगुवा, जिल्ला प्रशासन कार्यालय)
३) खोज तथा उद्धार (अगुवा, जिल्ला प्रशासन कार्यालय)
४) क्षति तथा आवश्यकता पहिचान (अगुवा, नेपाल रेडक्रस सोसाइटी वा अन्य)
५) खाद्यान्न व्यवस्थापन( द्रुत राहत सहयोग संयन्त्र (अगुवा, विपद् व्यवस्थापन समिति)
६) खानेपानी तथा सरसफाइ व्यवस्थापन (अगुवा, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय)
७) स्वास्थ्य तथा पोषण व्यवस्थापन (अगुवा, जिल्ला स्वास्थ्य कार्यालय)
८) अस्थायी आवास तथा गैर खाद्य सामग्री (अगुवा, नेपाल रेडक्रस सोसाइटी वा अन्य)
९) शिक्षा (अगुवा, जिल्ला शिक्षा कार्यालय)
१०) सूचना तथा संचार (विपद् व्यवस्थापन समिति)
११) बन्दोबस्त कार्यदल (अगुवा, जिल्ला विकास समिति)
१२) संरक्षण (अगुवा, महिला विकास कार्यालय)
१३) कृषि तथा जीविकोपार्जन (अगुवा, कृषि विकास कार्यालय)
१४) आपत्कालीन कोष (अगुवा, विपद् व्यवस्थापन समिति)
१५) स्वयंसेवक/कार्यकर्ता परिचालन र सुरक्षा (अगुवा, नेपाल रेडक्रस सोसाइटी वा अन्य)
१६) मृत्यु संस्कार (अगुवा, जिल्ला प्रशासन कार्यालय)
१७) मनोसामाजिक सहयोग (अगुवा, नेपाल रेडक्रस सोसाइटी)

## विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको प्रक्रिया

विषयगत कार्यको लागि जिम्मेवार निश्चित गरिएको समूह वा व्यक्तिले कुनै पनि विपद्को घटना हुने सम्भावना देखे पछि आफ्नो भूमिकाको लागि तयार रहने वा आफ्नो कर्तव्य अन्तरगतको निम्न कार्यहरु गर्नुपर्दछ ।

- सुरक्षित तथा खुल्ला स्थानको पहिचान गर्ने ।
- सचेतना, अभिमुखीकरण, तालिम र अभ्यासहरु गर्ने ।
- आवश्यक सामग्री र जनशक्तिको जोहो गर्ने, सूचि तयार गर्ने ।
- विषयगत समितिहरु गठन गर्ने र उचित समन्वय गर्ने ।
- सम्भावित विपद्बारे विषयगत क्षेत्र, निकाय र समुदायलाई सूचना दिने ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालाई सक्रिय (Activate) गर्ने ।
- सबै विषयगत क्षेत्र तथा समितिलाई प्रतिकार्यको लागि तयारी अवस्थामा राख्ने ।
- घाइते तथा बिरामीहरुलाई अस्पताल अघिको प्राथमिक उपचारको व्यवस्था गर्ने ।
- थप जोखिम र क्षतिको सम्भावना हेरी बाहिरी खोज, उद्धार र राहतको माग गर्ने ।
- अन्य समुदायमा पनि विपद्को खतरा देखिएमा उक्त समुदायलाई सचेत गर्ने ।
- घाइते तथा बिरामी र उनीहरुको परिवारलाई सुरक्षित स्थानमा लैजाने र परामर्श दिने ।
- योजना अनुसार विपद् पश्चात् गर्नुपर्ने सम्पूर्ण काम भएको सुनिश्चित गर्ने ।
- सञ्चार माध्यमहरुलाई खबर गरी सही सूचना दिने ।
- विपद्को रिपोट विवरण तयार पार्ने ।
- सिकाई र अनुभवको आधारमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्ने ।

## योजना निर्माण विधि

आपत्कालीन प्रतिकार्य तथा पूर्व तयारी योजना निर्माण गर्ने क्रममा स्थानीय सरकार र अन्य सरोकारवाला पक्ष साथै समुदायको कुनै पनि पक्ष र वर्ग नछुट्ने गरी सबैको प्रतिनिधित्व सहभागिता हुन आवश्यक छ। सबैको राय सुझाव सङ्कलन गरी त्यस उपर छलफल गरेर मात्रै योजनालाई अन्तिम रुप दिनु उचित हुन्छ ।

## स्रोत व्यवस्थापन

आपत्कालीन प्रतिकार्य योजना अनुसार काम गर्न प्रतिकार्य गर्नको लागि स्रोत साधन, दक्ष र तालिमप्राप्त मानव क्षमताको आवश्यकता पर्दछ। पूर्व तयारी साथै खोज तथा उद्धार, त्यसै गरी प्राथमिक उपचार, स्थानान्तर, घाइते तथा बिरामी व्यवस्थापन, सरसफाइ, खानेपानी, यातायात, पुनर्स्थापन र पुन निर्माण लगायत धेरै कुराहरुको लागि आवश्यक पर्ने स्रोतसाधनहरुको सूचि तयार गर्ने । उक्त स्रोतसाधन कसले कहाँबाट कसरी जोहो गर्ने र आवश्यक पर्दा कसरी ती स्रोतसाधनको प्रयोग र परिचालन गर्ने भन्ने बारेमा स्पष्ट निर्देशिका तयार गर्ने ।

## योजना पारित

सहभागितामूलक योजना बनिसकेपछि सबै सरोकारवालाहरुले समीक्षा गरी नगर सभाबाट उक्त योजनालाई पारित गर्नु गराउनु पर्नेछ ।

## कार्यान्वयन

योजनामा उल्लेख भए अनुसार आपत्कालीन अवस्थामा योजनालाई सक्रिय गरी कार्यान्वयन गर्ने, समीक्षा गर्ने र अद्यावधिक गर्ने गर्नुपर्दछ ।

NSET
Earthquake Safe Communities in Nepal

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल
घर-६५, ऋच-१३, सैंबु आवास, भैंसेपाटी, ललितपुर महानगरपालिका-२५, नेपाल
पो.ब. नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२
इ-मेलः nset@nset.org.np, वेब साइटः www.nset.org.np